भाषा,धर्म,संस्कृति तथा जातिय पहिचान र विकासको आधार

# घले समाज ललितपुर,नेपाल

**हामी सबै घलेहरुको साझा आवाज**

घले जातिको भाषा धर्म संस्कृति तथा जातीय पहिचान कायम गर्नको लागि घले समुदाय तथा अन्य समुदाय सँग हातेमालो गर्दै समग्र समुदाय को हितको लागि स्थापित गैरनाफामुलक गैर सरकारी संस्था (NGO) हो । जुन जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता छ ।

## वार्षिक प्रगति विवरण (Annual Progress Report) आ व २०८१ /०८२

यस घले समाज ललितपुर को हुन गईरहेको १४ औं वार्षिक साधारण सभाका प्रमुख अतिथी,विशेष अतिथीज्यूहरु,अतिथी तथा जनप्रतिनिधी ज्यूहरु,विभिन्न संघ सस्थाबाट पाल्नुभएका अतिथी तथा प्रतिनिधी ज्यूहरु,पत्रकार मित्रहरु,शिक्षक ज्यूहरु तथा सम्पुर्ण घले सदस्य ज्यूहरु ।हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस साधारण सभालाई महत्व दिई हामीलाइ मार्गदर्शन प्रदान गर्न पाल्नुहुने महानुभावहरुलाई यस १४ औं वार्षिक साधारण साधरण सभामा घले समाज ललितपुर तथा मेरो व्यक्तिगत तर्फबाट स्वागत गर्दै

स्यूव ख्यङ् (नमस्कार) ! नमस्कार !! नमस्कार !!!

**प्रस्तावना**

नेपालको इतिहासमा घले जनताले नचाहेर पनि गरिबी, अन्धकार र अशिक्षाको भुमरीमा रुमलिन बाध्य हुन परेको, आफ्नो भाषा संस्कृति र पहिचानलाई गुमाउँदै जानु परेको लगायतका यथार्थतालाई मनन गर्दै विचार, सिद्धान्त र मान्यताका हिसाबले घलेहरु जो जहाँ जहाँ भए पनि समय सँगै घलेजातिको साझा सवाल सामाजिक, संस्कृति, भाषिक र पहिचानको अधिकार संरक्षणको निम्ति एकढिक्का भएर लाग्नु आजको आवश्यकता महसुस गर्दै सम्पूर्ण घलेहरुलाई एकताको सूत्रमा बाधिएर साझा प्रतिवद्धता जनाइ अघि बढी आफ्नो भाग्य रेखा आफै कोर्न लागी पर्ने तथ्यलाई हृदयगमन गरी एकताको अभियानलाई हामीले हाम्रो मूल अभिष्ट ठानेको छौँ ।

यस सिलसिलामा ललितपुर जिल्लामा लामो समयदेखि स्थायी वा विभिन्न स्थानबाट आई अस्थायी रुपमा विभिन्न क्षेत्रमा वा आ आफ्नो दक्षता, सीप र क्षमता अनुसारको पेशा अगाली बसोबास गर्दै आएको घलेहरु कतिले आफूलाई आफ्नो समुदाय बिनाको एक्लोपन, संकटहरुसँग कसरी सामना गर्ने ? र त्यस्तो अवस्थामा पक्कै पनि आफ्नो समुदायको अभाव खड्किरहेको हुन्छ ।

जतिपनि आईपर्ने समस्याहरु छन् र त्यस्को सामना गर्न वा त्यसबाट कसरी सुरक्षित हुने र विकासका समाधानका उपायरु के कस्तो हुन सक्छन् ? भन्ने विषय उपर गम्भिर ध्यानआर्कषण भई घलेहरुको पहिचान र अस्तित्व धरायसी हुने अवस्थाबाट जोगाउन सम्पूर्ण घलेहरुलाई समेटेर एउटा “घलेसमाज ललितपुर” नामक संस्था गठन गर्न वान्छनीय भएकोले घलेहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक विकास लगायत भाषा, संस्कृति संरक्षण र पहिचानलाई उजागर गर्ने उद्देश्य लिई वा विधान संस्था दर्ता ऐन, २०३४ को अधीनमा रही निधो गरिएको छ ।

वि स 2068 चैत्र 27 गते स्थापना भएको घले समाज ललितपुर नामक संस्था संस्थापक अध्यक्ष **प्रकाश घले** को संयोजकत्व मा स्थापना भएको संस्था हो ।हाल **नारायण बहादुर घले** को अध्यक्षतामा संस्था ले आफ्नो जातीय पहिचान र विकास को लागि हरक्षेत्र को विकाशको लागि पाइला बढाउँदै छ ।

## उद्देश्य (Objective)

संस्थाको उद्देश्य: प्रचलित कानूनको दायरामा रहि नेपाल सरकार र अन्तर्राष्ट्रिय निकायहरुबाट लागू गरिएका मार्गनिर्देशन र परिपत्रहरु समेतलाई पालना गर्ने गरी यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) यो संस्था नाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ।

(ख) सम्पूर्ण घलेहरुलाई संगठित गराउन पहल गर्ने घले जातीमा रहेका सामाजिक विभेदको अन्त्य गर्दै भाषिक, धार्मिक, सांस्कृतिक पहिचानको अधिकार संरक्षण गर्ने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) प्रस्तावित “ललितपुर घले समाज” संस्था एउटा विशुद्ध सामाजिक संस्था भएको हुनाले यसमा कुनैपनि खालको राजनैतिक विषयवस्तुले स्थान पाउने छैन र यसमा आबद्ध कुनै पनि सदस्यले दलगत स्वार्थभन्दा माथि उठेर प्रभावकारी ढंगले घले जातिको उत्थानको कार्यक्रम गर्ने, गराउने।

(घ) घले जातीमा लगभग ६५% (पढ्न गाह्रो), अधिकांश गरिबीको रेखामुनि रहेका धने जनताको शिक्षा, स्वास्थ्य र गरिबी निवारणका उपायहरु अवलम्ब गर्ने, गराउने तथा सग सम्बन्धित जनचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने।

(ङ) घले जातीको हरेक क्षेत्रमा उत्थानको लागि आवश्यक कार्य गरी उत्थान तर्फ सहयोग गर्ने।

(च) बाढि पहिरो जस्ता दैवि प्रकोप आएमा, कुनै किसिमको आकस्मिक घटना परेमा अरु सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गरी राहत माग, वितरण जस्ता कार्यमा सहयोग गर्ने एम्बुलेन्स सेवा सञ्चालन गर्न आवश्यकता गृहकार्य गरी भविष्यमा सञ्चालन गर्ने गराउने।

## आ. व २०८२ /८३ को कार्यक्रम तथा नीतिहरु ( programs and Policy)

देश तथा विदेश मा रहनु भएका घले समुदाय को साथ र सहयोग मा घले समुदायको हर क्षेत्रको विकाशको लागि घले हरुको आफ्नो मौलिकता कायम गर्न जनचेतना तथा सचेतना कार्यक्रम द्वारा आफ्नो भाषा धर्म संसकृति तथा जातिय पहिचानको लागि निम्न कार्यक्रम तथा नीतिअनुसार अगाडी बढ्ने सोच  छ ।

### घले  जातिको  पहिचान र सँस्कृतिको सक्षरण

- हरेक वर्षको माघ १ गते घलेहरुको नयाँ वर्ष को रुपमा घले ल्होसर कार्यक्रम संस्थाको बजेटले भ्याएसम्म तथा  घले दाजु भाईहरुको सहयोग प्राप्त भएमा औपचारीक रुपमा  मनाउने ।
- घर, टोलमा राख्ने ,भेटघाट गर्ने तथा रमाइलो गर्ने जस्ता अनौपचिारक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- घले जातिको औपचारिक कार्यक्रममा घले जातिको पहिरन अनिवार्य गरिनेछ ।
- भाषा सरक्षण तथा भाषा प्रशिक्षण कार्यक्रमहरु आव्श्यक्तानुसार राखिनेछ ।

### भवन,जग्गा तथा फरनिचर संरक्षण

- समाजको भवनलाई संरक्षण गर्न निर्मित संरक्षण समिती लाई सक्रिय बनाईनेछ ।
- जग्गामा निर्मित घले समाज ललितपुरको भवन यथाशिघ्र संस्थाको नाम मा दर्ता गर्न यो वर्ष पनि आव्श्यक पहल गरीनेछ ।
- संस्थालाई आव्श्यक पर्ने फर्निचरहरु तथा प्रशासनिक साधानहरुको व्यवस्था गर्न सहयोगीदाताहरु,अन्य संस्था,स्थानिय निकाय सँग समन्वय गरी घले समाजका दाजुभाईहरुलाई समेत अनुरोध गरी आव्शयक पहल गरीने छ ।

### प्रतिभा सम्मान तथा घले जेष्ठ नागरीक सम्मानका कार्यक्रमहरु

- घले समुदायका सदस्यहरुको प्रतिभाको सम्मान गरिनेछ
- घले जेष्ठ नागरीक सम्मानका कार्यक्रमहरु राखिनेछ ।

### सदस्यता तथा नविकरण

- यस सस्थाको हरेक सदस्यहरुलाई सक्रिय बनाई समयमानै सदस्यता नविकरण गर्न लगाई संस्था प्रति जवाफदेहिता बन्न अभिप्रेरीत गरिनेछ

### संस्थाको वैठक तथा आर्थिक कारोवार

- कार्यसमिती लाई सक्रिय बनाई संस्थाको हरेक गतिविधी चुस्त दुरुस्त रुपमा अभिलेख राखी मुल्याङ्कन गरीने छ ।
- संस्थाको नियमित वैठक,छलफल तथा अन्य महत्वपुर्ण गतिविधीहरु तथा निर्णयहरुको व्यवस्थित माइन्यूट तथा आव्श्यक्ताको आधारमा नियमित रुपमा वैठक राखिने छ ।
- घले समाजको आफ्नै खाता सञ्चालन गरी बैक मार्फत आर्थिक कारोवार गरी हिसाव किताव चुस्त र दुरुस्त रुपमा राखि प्रत्येक वर्षे मान्यता प्राप्त लेखापरीक्षक द्धारा लेखापरीक्षण गरी सुरक्षित राखिनेछ  ।

### सामाजिक उत्तरदायित्व कार्यक्रम

- घले दाजुभाईहरुको लागि सामाजिक उत्तरदायित्व कार्यक्रमको रुपमा विपन्न घले दाजुभाईहरु को स्वास्थ्य उपचार खर्च सहयोग गर्न आव्श्यक पहल गरिनेछ

- घले परिवारमा कुनै सदस्यको मृत्यु हुदाँ सक्ने सहयोग गर्नको लागि घले समाज ललितपुरको पहल  गरिनेछ
- सामाजिक उत्तरदायित्व कार्यको कार्यविधि बनाई अक्षय कोष निर्माण गर्न आवश्यक पहल गरीनेछ ।

**विधान परिमार्जन तथा संसोधन**

- संस्थाको कार्यविधान समसामायिक रुपमा मिल्ने गरी आवश्यक संसोधन गरी संस्थाका भावी कार्यक्रमहरु अगाडी बढाईनेछ
- सस्थाको कार्यविधान ससोधनको लागि तीन सदस्यीय समिति निर्माण गरि यो आ व मै कार्यविधान ससोधन गरिनेछ ।

## कार्य समिति

२०७९ देखि २०८२



अध्यक्ष : नारायण बहादुर घले

(९८४०३५२१२४)



उपाध्यक्ष : इमान सिं घले
(९७४९८६९२७३)



सचिव : निरोज कुमार घले
(९८४३६३७९४९)



कोषध्याक्ष : मखमली घले
(९८४३५८८९६९)



सदस्य: सबिना घले
(९८४३९३५२५१)



सदस्य :निर बहादुर घले
(९८६११३५५२५)



सदस्य :दिनेश घले
(९८६९८५६०१५)

## संस्थापक कार्य समिति

२०६८ देखि २०७२



अध्यक्ष : प्रकाश घले



उपाध्यक्ष : इमान सिं घले



सचिव : निरोज कुमार घले



कोषध्याक्ष :नारायण बहादुर घले



सदस्य: निर्मला घले



सदस्य :निर बहादुर घले



सदस्य :पुर्ण बहादुर घले

## सल्लाहकार सदस्यहरु

२०६८ देखि २०८२



अध्यक्ष : प्रकाश घले



निर्मला घले



निर्मला घले



टंक बहादुर घले



रमेश घले



पूर्ण बहादुर घले

<u>भवन संरक्षण समिति २०८१</u>



अध्यक्ष : टंक बहादुर घले

(९८६१३१३०९८)



उपाध्यक्ष : ललिता घले
९७४२८५६५१७



सचिव : सुरेश घले
९८६९०५०५५९



सहसचिव : जयराम घले
९८४३९३५२५१



कोषाध्यक्ष: युवराज घले
९८६०८२४६५२




सदस्य : साजन घले
९८६१३८२१३२



सदस्य : राजन घले
९८४३९६९२२६



सदस्य : कृष्ण बहादुर घले
९८४३६३८१०७



सदस्य : सम्झना घले



सदस्य : सरश्वती घले
९७४१७३१२२८



सदस्य : राम बहादुर घले
९८६०१९६१२७

## समाजको विगत वर्तमान र भविष्यत

### <u>विगत</u>

- हामी घले समाज ललितपुर ले पनि संस्था स्थापना पश्चात भुँइचालो, विश्वव्यापी रुपमा भोगेको माहामारी कोरना जसको प्रभाव हामी सम्पुर्ण घले ,घले समुदाय लगायत समाजमा समेत पयो र हाम्रा हरेक आर्थिक तथा सामाजिक गतिविधीहरुमा समेत ठप्प भई संस्था कमजोर अवस्थामा निहित हुन पुग्यो ।
- समयमानै हाम्रो संस्था नविकरण नहुदा हामी जरिवानाको भागि हुन पुग्यो । हाम्रो संस्थाको आर्थिक अवस्था नाजुक र कमजोर अवस्थामा गुज्रिन बाध्य हुन पुग्यो ।
- घले समाज ललिपुरका आफ्नै भवन नहुँदा संस्थाको बैठक,छलफल तथा यस्तै प्रकृतिको साधारण सभा राख्न समेत अफठयारो परिरहेको अवस्थामा निहित थियो ।
- सदस्यहरु सक्रिय नहुनु ,नियमित वैठक राख्न नसक्नु,
- कार्य समिती को भुमिका कमजोर देखिनु
- सदस्यहरुले सदस्यता नविकरण समयमानै नगर्नु
- आफ्नै वैक खाता सञ्चालन हुन नसक्नु ।

## वर्तमान:

- वर्तमान सन्दर्भ कुरा गर्नु पर्दा सदस्यहरु केही हदसम्म सक्रिय भएको छ ।
- आव्श्यक्तानुसार नियमित वैठक राख्न सकिएको छ ।
- कार्य समिती को भुमिका कमजोर देखिको छ
- सदस्यहरुको सदस्यता नविकरण समयमानै गर्न सकिएको छैन ।
- आफ्नै वैक खाता सञ्चालन गरिएको छ तर आर्थिक गतिविधि हुन सकिएको छैन ।
- बाग्मती गाउँपालिकाको सहयोगमा शौचालय भवनको निर्माण सम्पन्न गरिएको छ अरकोतिर संरक्षणमा समस्या छ ।
- संस्थालाई आव्श्यक पर्ने फर्निचर आदिको व्यवस्था गरिएको छ ।प्रवास मा रहनु हुने घले दाजुभाईहरु प्रकाश घले अमेरीका राजेन्द्र घले अमेरीका राजन घले दक्षिण कोरिया प्रति घले समाज आभार प्रकट गर्दछ ।
- संस्थाको आफनो नाममा जग्गा र भवन दर्ता गर्न सकिएको छैन ।
- समयमानै संस्थाको वार्षिक लेखापरिक्षण तथा नविकरण गरिएको छ ।
- सफलता र कठिनाइहरु बाट संस्था माथी उठेर घले समाज र आम नागरिकको हक हितमा संस्था बढ्नुपर्ने छ ।संस्थाको प्रगतीको वाटो निर्धारण गर्नुपर्ने चुनौती छ ।

## भविष्यत

- विगत वर्तमान का परिस्थीति र समस्याहरुलाई चिर्दै घले समाज ललितपुरले सहज र सरल तरीकाबाट संस्था सञ्चालनार्थ संस्थाको बृहत्तर हितमा संस्थामा लागि पर्ने कुरामा यहाँहरु सबैलाई म र मेरो कार्य समिति पुर्ण रुपमा लागि पर्ने कुराको विश्वास समेत दिलाउन चाहान्छु ,चाहान्छौ ।
- विगत र वर्तमान का समस्या चुनौति लाई सामना गर्दै भविष्यमा संस्थाका गतिविधि चुस्त र दुरुस्त राख्न आव्श्यक पहली कदमी बढाइनेछ ।
- समाजलाई गतिशिल बनाउन आर्थिक पक्ष बलियो हुनु पर्ने भएकाले आर्थिक श्रोतहरुको खोजि गरिनेछ ।
- आर्थिक श्रोत व्यवस्थापनको लागि सदस्यहरुको समयमानै नविकरण गर्ने सहयोगि चन्दादाताहरुको खोजि गर्ने स्थानिय निकायहरुसँग आव्श्यक समन्वय गरि संस्थालाई अगाडी बढाईने छ ।
- संस्थाको आफनो नाममा जग्गा र भवन दर्ता गर्न आव्श्यक पहल गरिने छ ।
- आर्थिक कारोवार बैंक मार्फत संचालन गरिनेछ ।

**आदरणीय घले सदस्य महानुभावहरु**

**प्र**स्तावित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनको निमित्त छलफल एवम् स्वीकृतिका लागि यस गरिमामय साधारण सभामा पेश गर्दछु । यहाँहरुको अमूल्य सल्लाह सुझावहरुको समेत अपेक्षा गर्दछु ।

अन्तमा संस्थाको गरीमामय साधारण सभालाई भव्यताका साथ सम्पन्न गर्न पाल्नुहुने प्रमुाख अतिथी,विशेष अतिथी,अतिथिज्यूहरु,घले समाजका अग्रज,दिगज,वुद्धिवि दाजुभाई तथा सदस्य ज्यूहरु,पत्रकार,शिक्षक तथा सुभेच्छुक मित्रहरु तथा सम्पुर्णमा पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा यहाँहरुको साथ सहयोगको अपेक्षा गर्दछु । दिवंगत हुनु भएका घले दाजुभाई परिवार जनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

जय घले,धन्यवाद (होज्यू)

**मिति :२०८१ कार्तिक २२ शनिवार**

**स्थान: घले समाज ललितपुरको भवन,बागमती –४ देउराली ललितपुर**


**नारायण बहादुर घले**

**अध्यक्ष**

**घले समाज ललितपुर**

**केही  विगतका प्रगति हरुको स्मरणयोग्य तस्विर तथा झलकहरु**








घले समाज ललितपुर
बागमती गा.पा.-४, ललितपुर
१३औं वार्षिक साधारण सभा
२०८१
मिति: २०८१/०७/११ गते
स्थान: घले समाज ललितपुर भवन, देउराली


"सम्पूर्ण घलेहरु एक जुट भै आफ्नो भाषा, धर्म र संस्कृति जोगाऔं"
घले समाज ललितपुर
बागमती गा.पा.-४, ललितपुर
१३औं वार्षिक साधारण सभा
२०८१
मिति: २०८१/०७/११ गते


घले समाज ललितपुर


घले समाज ललितपुर
२०८१


घले समाज ललितपुर
बागमती गा.पा.-४ ललितपुर
१३औं वार्षिक साधारण सभा
२०८१
समय: बिहान ११:०० बजे


घले समाज ललि
१३औं वा

